**आकाशवाणी समाचार- नेपाली**
**मितिः २४ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज सेवा संकल्प अभियान अन्तर्गत वडनगरदेखि वाराणसीसम्म यात्रा गर्ने सेवा यात्राका सहभागीहरूसँग भिडियो कन्फरेन्समार्फत कुराकानी गर्नुहुनेछ।

- राष्ट्रपति द्रौपदी मुर्मुले युवाहरूको प्रयासबाट भारत बर्ष २०४७ भन्दा पहिले नै विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गर्नुभएको छ 1

- गृह मन्त्रालयले सरकारी कार्यालयहरूमा स्वच्छ र पर्यावरण अनुकुल कार्यस्थल बनाउन विशेष अभियानको छैटौं चरण सञ्चालन गर्ने भएको छ।

- भारतले ओमानको पूर्वी तटमा व्यापारिक जहाज एमभी केप डाओ मा हिजो भएको आक्रमणको कडा निन्दा गरेको छ।

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अनन्तजीत सिंह नारुका, भवतेग सिंह गिल र मैराज अहमद खानलाई पुरुष निशानेबाजी स्कीट टीम स्पर्धामा कांस्य पदक जितेकोमा बधाई दिनुभएको छ।

**प्रधानमन्त्री – सेवा संकल्प अभियान**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सेवा संकल्प अभियान अन्तर्गत वडनगरदेखि वाराणसीसम्म यात्रा गर्ने सेवा यात्राका सहभागीहरूसँग भिडियो कन्फरेन्समार्फत कुराकानी गर्नुहुनेछ। प्रधानमन्त्रीसँगको बातचीतले सेवा यात्रीहरूलाई यात्राका आफ्ना अनुभवहरू साझा गर्ने अवसर दिनेछ, जसको उद्देश्य टोलीहरूले कभर गरेका स्थानहरूमा युवा सहभागिता र सामुदायिक सेवालाई जोड्नु रहेको छ। सेवा यात्रा १७ सितम्बर मा शुरु भएको थियो र यो प्रधानमन्त्री श्री मोदीको २५ वर्षको सार्वजनिक जीवनलाई उजागर गर्न व्यापक 'सेवा संकल्प अभियान' को हिस्सा हो। यो यात्रा अक्टोबर ७ सम्म जारी रहनेछ।

**राष्ट्रपति- विकसित राष्ट्र**

राष्ट्रपति द्रौपदी मुर्मुले युवाहरूको प्रयासबाट भारत बर्ष २०४७ भन्दा पहिले नै विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गर्नुभएको छ 1 हिज बडोदरको महाराजा सयाजीराव विश्वविद्यालयको ७५ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुदै उहाले भन्नुभयो -शिक्षा तब मात्र सार्थक हुन्छ जब यसलाई राष्ट्र र समाजको लागि प्रयोग गरिन्छ।

1Byte-द्रौपदी मुर्मु

गृह मन्त्रालय- विशेष अभियान

गृह मन्त्रालयले सरकारी कार्यालयहरूमा स्वच्छ र पर्यावरण अनुकुल कार्यस्थल बनाउन विशेष अभियानको छैटौं चरण सञ्चालन गर्ने भएको छ। यो अभियान २ अक्टोबरबाट शुरु हुनेछ र अर्को महिनाको ३१ तारिखसम्म जारी रहनेछ। सरकारी कार्यालयहरूमा सरसफाइलाई स्थायी बनाउने प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोण अनुरूप यो अभियान सञ्चालन गरिएको हो। यसको उद्देश्य पेन्डेन्ट कम गर्नुका साथै सरसफाइलाई बढावा दिनु, कार्यलाई सुव्यवस्थित गर्नु र बाँकी गुनासोहरूको समाधान गर्नु हो।

**भारत - लिंडसे ओ. ग्राहम के 'रूस र ईरान प्रतिबंध अधिनियम'**

भारतले हिज लिन्डसे ओ ग्राहमको रुस र इरान प्रतिबन्ध अधिनियम माथि आफ्नो हित र र चिन्ताहरुलाई पुन एक पल्ट दोहोर्याएको छ। विदेश मन्त्री एस जयशंकरले आज साँझ संयुक्त राष्ट्र महासभाको सत्रको अवधि अमेरिकाको विदेश मन्त्री मार्को रुबियोसँग भेट गर्नुभयो तथा यस अधिनियम माथि भारतको चिन्ता स्पष्ट गर्नुभयो l दुई नेताहरूले भारत-अमेरिका द्विपक्षीय सम्बन्धका साथै खाडी देशहरू र युक्रेनको अवस्थाका बारेमा विस्तृत चर्चा गरे । अमेरिकाको राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता रुस र इरान प्रतिबन्ध अधिनियमलाई अनुमोदन गर्नुभयो , जसले उहालाई रूसको तेल र ग्यास किन्ने देशहरूमा १०० प्रतिशतसम्म कर लगाउने अधिकार दिदछ । जवाफमा, भारतले आफ्नो आर्थिक हितको रक्षा गर्न र देशको लागि ऊर्जा सुरक्षा सुनिश्चित गर्न सबै आवश्यक कदमहरू चाल्ने बताएको छ।

**भारत -ओमान -निन्दा**

भारतले ओमानको पूर्वी तटमा व्यापारिक जहाज एमभी केप डाओ मा हिजो भएको आक्रमणको कडा निन्दा गरेको छ। विदेश मन्त्रालयले भनेको छ , विमानमा सवार २० भारतीय नाविकमध्ये १९ जनालाई सकुशल उद्धार गरिएको छ भने एक भारतीय नागरिकको मृत्यु भएको छ। विदेश मन्त्रालयले मृतकको परिवारप्रति समवेदना व्यक्त गरेको छ। विदेश मन्त्रालयले भनेको छ, ओमानमा भारतीय दूतावासले स्थितिलाई निरन्तर निगरानी गरिरहेको छ र भारतीय नाविकहरूको शीघ्र स्वदेश फिर्तीका लागि ओमानका अधिकारीहरूसँग समन्वय गरिरहेको छ। मन्त्रालयले ओमानका अधिकारीहरूको सहयोगका लागि आभार व्यक्त गरेको छ।

**रक्षा मन्त्रालय- भारतीय वायुसेना**

रक्षा मन्त्रालयले भारतीय वायुसेनाका लागि १६० स्याटेलाइट स्मार्ट एन्टी-एयरफिल्ड वेपन सेट-सा र सम्बन्धित उपकरणहरू खरिदका लागि भारत डायनामिक्स लिमिटेड-बीडीएलसँग ८ सय १० करोड रुपियाँभन्दा अधिकको सम्झौतामा हस्ताक्षर गरेको छ। रक्षा सचिव राजेश कुमार सिंहको उपस्थितिमा हिज नयाँ दिल्लीमा सम्झौतामा हस्ताक्षर गरिएको हो । सेट-सॉ वर्ष २०२७-२८ र २०२८-२९ को बीचमा आपूर्ति गरिनेछ।

**प्रधानमन्त्री-सेवा संकल्प**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्दै हुनुहुन्छ , जन सेवा से देश सेवाको मन्त्रद्वारा परिभाषित यात्रा र निरन्तर प्रतिबद्धता जारी छ। सेवा र सुशासनको यस दृष्टिकोणबाट निर्देशित सरकार बर्ष २०४७ सम्म विकसित भारतको लक्ष्य प्राप्त गर्ने दिशामा निरन्तर काम गरिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमबाट यो समर्पणले जीवनलाई परिवर्तन गरिरहेको छ। आज, हाम्रो विशेष श्रृंखलामा, हामी जल जीवन मिशनको माध्यमबाट यो दृष्टिकोणलाई कसरी व्यवहारमा रुपान्तर गरिएको छ भन्ने उदाहरण प्रस्तुत गर्दछौं।

2-Byte

**माई भारत प्लेटफर्म**

माई भारत प्लेटफर्ममा पंजीकृत युवाहरूको संख्या तीन करोड भन्दा अधिक भएको छ। बर्ष २०२३ मा शुरु भएको यस प्लेटफर्मले युवाहरूको सहभागिता बढाएको छ। यसमार्फत युवाहरूले सिक्ने, स्वयंसेवा, नेतृत्व, नागरिक सहभागिता र युवा केन्द्रित गतिविधिहरूमा भाग लिइरहेका छन्। युवा कार्यक्रम र खेल मन्त्रालयको युवा कार्यक्रम विभाग अन्तर्गत माईभारत देशका युवाहरूलाई सिक्ने , नेतृत्व र समाजको सेवासँग जोड्ने राष्ट्रिय मञ्च हो। यसको उद्देश्य बर्ष २०४७ सम्म विकसित भारत निर्माणमा युवाहरूको सहभागिता सुनिश्चित गर्नु हो। गत वर्षको अक्टोबरमा प्लेटफर्ममा पंजीकृत संख्या दुई करोड नाघेको मन्त्रालयले एक बयानमा बताएको छ। यस वर्षको अगस्टसम्म यो संख्या बढेर २ करोड ४६ लाख पुगेको छ। अब यसले तीन करोडको आँकडा पार गरेको छ।

**वित्त मंत्रालय सार्वजनिक क्षेत्र बैंक -क्षेत्रीय ग्रामीण बैंक -आइतबार खुल्ला**

वित्त मन्त्रालयले सबै सार्वजनिक क्षेत्रका बैंक र क्षेत्रीय ग्रामीण बैंकहरू आइतबार, २७ सितम्बर खुला रहने बताएको छ। मन्त्रालयले भनेको छ, 'यो महिनाको २८ देखि ३० तारिखसम्म युनाइटेड फोरम अफ बैंक युनियन्सले आह्वान गरेको तीन

दिवशीय  राष्ट्रव्यापी बैंक हड्तालको पृष्ठभूमिमा यो कदम चालिएको हो। यो हड्ताल २६ र २७ सितम्बर सप्ताहन्तको छुट्टी पछि भइरहेको छ।

## भाजपा – प्रभारी,सह -प्रभारी नियुक्त

भारतीय जनता पार्टी अध्यक्ष नितिन नवीनले सम्पूर्ण  36 राज्य र  केंद्र शासित प्रदेशहरुको लागी  पार्टी प्रभारी अनि सह-प्रभारिहरु नियुक्ति गर्नुभएको छ lपूर्व केन्द्रीय मन्त्री स्मृति इरानीलाई छत्तीसगढ र हरियाणाको प्रभारी बनाइएको छ भने हरीश द्विवेदीलाई बिहारको प्रभारी बनाइएको छ l विनय सहस्रबुद्धेलाई दिल्लीको प्रभारी को जिम्मेवारी दिइएको छ l जामयांग सेरिङ नामग्याल र दर्शनाबेन जरदोशलाई दिल्लीको सह -प्रभारी बनाइएको छ l विनोद तावडेलाई उत्तर प्रदेशको प्रभारी बनाइएको छ l जगदीश पटेल, मेधा कुलकर्णी, प्रदीप वर्मा र अनन्त ओझालाई उत्तर प्रदेशको सह- प्रभारी बनाइएको छ l राम माधवलाई तमिलनाडु र उत्तराखण्डको जिम्मेवारी दिइएको छ भने तरुण चुघलाई गुजरातको जिम्मेवारी दिइएको छ l सतिश पुनियालाई जम्मू–कश्मीर र पञ्जाबको प्रभारी तोकिएको छ l अनिल एन्टोनीले गोवा र नागाल्याण्डको जिम्मेवारी सम्हाल्नेछन् l

## केन्द्रीय कार्मिक, जन गुनासो  तथा पेन्सन मन्त्री

केन्द्रीय कार्मिक, जन गुनासो  तथा पेन्सन मन्त्री डा. जितेन्द्र सिंहले कार्मिक तथा प्रशिक्षण विभागले विगत १२ वर्षमा २३ हजारभन्दा अधिक  पदोन्नतिहरु  स्वीकृत गरेको बताउनु भएको छ l  केन्द्रीय सचिवालय समूह-ग कर्मचारी संगठनको प्रतिनिधिमण्डलसँगको बातचीतमा  उहाँले यो कुरा भन्नुभयो। प्रतिनिधिहरूलाई सम्बोधन गर्नुहुदै मंत्री  डा. जितेन्द्र सिंहले सरकार कर्मचारीहरूलाई अझ राम्रो र अनुकूल कार्य वातावरण प्रदान गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ l

## प्रधानमंत्री - प्रधान सचिव डॉ- पारंपरिक वित्तीय गतिविधि

प्रधानमन्त्रीका प्रधान सचिव डा. प्रमोद कुमार मिश्रले वित्तीय प्रणालीलाई परम्परागत वित्तीय गतिविधिहरुबाट माथि उठ्न र आर्थिक वृद्धिलाई अगाडि बढाउन अझ महत्त्वपूर्ण भूमिका खेल्न आह्वान गर्नुभएको छ l १३ औं एसबीआई बैंकिङ र आर्थिक सम्मेलन २०२६ लाई भर्चुअली सम्बोधन गर्न्नुहुदै  डा. मिश्रले भन्नुभयो - , बैंक र वित्तीय संस्थाहरू केवल लेनदेन गर्ने संस्थाहरूमा मात्र सीमित नभएर विकासमुखी संस्थाको रूपमा काम गर्नुपर्छ। उहाले भन्नुभयो -  घरेलु बचतलाई उत्पादक निवेशमा रूपान्तरण गर्न आवश्यक छ र आर्थिक वृद्धिको जिम्मेवारी बैंकहरूमा मात्र छोड्न सकिँदैन।

## प्रधानमंत्री नरेंद्र मोदी -शुभकामना

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले अनन्तजीत सिंह नारुका, भवतेग सिंह गिल र मैराज अहमद खानलाई पुरुष निशानेबाजी स्कीट टीम स्पर्धामा कांस्य पदक जितेकोमा  बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, खेलाडीहरूले एकाग्रता र उत्कृष्ट टिम वर्कको प्रदर्शन गरे। प्रधान मन्त्री श्री मोदीले उनीहरूको भविष्यको प्रयासका लागि शुभकामना दिनुभएको छ l